२०८२ साल असोज ६ गते तदनुसार September22,2025, सोमवार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. भारतीय दुतावाससँग विधालय निर्माण साझेदारी सम्बन्धमा।
२. जिम्मेवारी तोक्ने सम्बन्धमा।
३. घर अभिलेखिकरण सम्बन्धमा।
४. तह मिलान सम्बन्धमा।
५. घ वर्ग निर्माण व्यवसायी सम्बन्धमा।
६. वडा कार्यालय सम्बन्धमा।
७. जग्गा वर्गिकरण सम्बन्धमा।
८. शुभकामना सम्बन्धमा ।
९. नेवा परियोजना साझेदारी कार्यक्रम सम्बन्धमा ।
१०. जिपलाईन पुन टेन्डर सम्बन्धमा।
११. करार सेवा पदपूर्ती सम्बन्धमा ।

**निर्णय नं.१**-भारतीय दुतावास र मानेभन्ज्याङ गाउँपालिकाको साझेदारीमा वडा नं.७,टोक्सेलमा निर्माणाधिन भवन क्षेत्रमा पर्याप्त पानीको स्रोत नभएको र सम्झौता बमोजिम विधालयमा शौचालय निर्माण गर्न रकम अपुग भएको हुँदा उक्त भवनको DPR Revised गरी शौचालयलाई विधालयको आवश्यकता अनुसार निर्माण गर्ने व्यहोरा सम्बन्धित सरोकारवालालाई पत्रचार गर्ने निर्णय गरियो।

**निर्णय नं.२**-यस कार्यालयको भौतिक पूर्वाधार (प्राविधिक) शाखामा शाखा प्रमुखको जिम्मेवारीमा अधिकृत छैठौं तहका ईन्जिनियर बैजनाथ प्रसाद यादव रहनु भएकोमा अब उक्त जिम्मेवारी अधिकृत छैठौं ईन्जिनियर राज कुमार थापालाई दिने निर्णय गरियो।

**निर्णय नं.३**-मानेभन्ज्याङ गाउँपालिका भित्र निर्माण भईसकेका पक्की भवनहरूको अभिलेख बैङ्किङ तथा अन्य कारोवारकालागि आवश्यक रहेकाले सम्बन्धित व्यक्तिको निवेदन तथा आवाश्यक कागजातका आधारमा कार्यालयमा अभिलेखिकरण कायम गर्न सो सम्बन्धि आवश्यक कार्यविधि निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं.४**- कोशी प्रदेशको स्थानीय सरकारी सेवा ऐन, २०८० को दफा ८ को उपदफा १ मा स्थानीय सरकारी सेवाको छैटौं तहको पदमा पाँचौ तहबाट तह वृद्धि गरेर मात्र पदपूर्ति गरिने उल्लेख भएको र पाँचौ तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रवीणता प्रमाण तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण रहेको।सोही दफाको उपदफा १७ मा छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई सातौं तहमा तह मिलान गरिने उल्लेख भएको र सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण रहेको।

सोही ऐनको दफा ४ को उपदफा ३ मा स्थानीय सरकारी सेवाको विभिन्न तहमा सम्बन्धित सभाबाट स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज अनुसारका पदहरू रहने व्यवस्थां बमोजिम यस गाउँपालिकाको दोस्रो गाउँसभाको १७ औं अधिवेशनबाट गाउँपालिकाको संगठन संरचना पारित भएको।गाउँपालिकाको स्वीकृत संगठन संरचना र उल्लिखित व्यवस्था बमोजिम यस गाउँपालिकामा सम्बन्धित पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण तोकिएको राजपत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत वा छैटौं तहको अधिकृत पदमा नियुक्त भई कानूनी सल्लाहकार (कानून अधिकृत), सूचना प्रविधि अधिकृत, रोजगार संयोजक र कृषि स्नातक पदमा कार्यरत कर्मचारीहरूलाई मिति २०८२ साउन १ गतेदेखि लागू हुने गरी सातौं तहमा तह मिलान गर्ने निर्णय गरियो।

**निर्णय नं.५**-मानेभन्ज्याङ गाउँपालिकाबाट प्रदान गर्दै आएको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रमा आवश्यक मेशिन तथा उपकरणको नामवली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्रका साथै बिमा गरेको कागजातहरू पेश गर्नुपर्नेछ तर टिपर तथा टयाक्टरको हकमा स्वामित्वको प्रमाण पत्र वा त्यस्ता उपकरणहरू कुनै फर्म/कम्पनिसँग कम्तिमा तिन वर्षको सम्झौता गरेको सम्झौता पत्र साथै बिमा गरेको कागजातहरूका आधारमा निर्माण व्यवसायी इजाजत पत्र दिने निर्णय गरियो।

CamScanner

**निर्णय नं.६**-यस पालिका अन्तर्गत निर्माणाधिन वडा कार्यालयहरूमा आवश्यक रङ्ग रोगन तथा ट्रस(छाना) निर्माण गर्न पालिकाको कन्टिन्जेन्सि रकमबाट आवश्यक प्राविधिक ईष्टिमेट तथा मूल्याङ्कनका आधारमा कार्य सम्पन्नको भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.७**- भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरू तयार गर्ने जिम्मेवारी यस मानेभन्ज्याङ गाउँपालिकाको नापी शाखामा कार्यरत सर्वेक्षक विवेक गौतमलाई तोकी अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.८**-विजय दशमी तथा दिपावली र छठ पर्वको अवसरमा गाउँपालिकाको तर्फबाट सम्पूर्णमा विभिन्न मिडिया,अनलाईन र पत्र-पत्रिकामा शुभकामना सन्देश प्रशारण,प्रकाशनको लागि अनुमति दिने निर्णय गरियो।

**निर्णय नं.९**-चालु आ.व.मा नेवा सँगको साझेदारीमा यस पालिका अन्तर्गत सञ्चालन हुने आयोजनाहरूको एकमुष्ट प्राविधिक ईष्टिमेटको आधारमा तिस दिने एन.सि.बि. टेन्डर प्रकृया मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.१०**-यस गाउँपाललिकाको वडा नं.४,केत्तुकेमा सञ्चालित जिपलाईन चालु आ. को लागि तेस्रो पटक सम्म समेत आम्दानी ठेक्का नलागेकोले,विधमान कानूनी व्यवस्था अनुसार पुनःटेन्डर आवहान गर्ने र टेन्डर प्रकृया नसक्कुनजेल नगदी रसिदको आधारमा काम गर्ने तथा प्राप्त आम्दानीको हिस्सा मध्ये ५०% सञ्चालन खर्च वडा कार्यालयमा राखे र बाँकी आम्दानी स्थानीय सञ्चित कोषमा दाखिला गराउने निर्णय गरियो।

**निर्णय नं.११**- यस गाउँपालिकाको स्वास्थ्य चौकी मानेन्ज्याङको नाममा सञ्चालित एम्बुलेन्स चालकको लागि  यस अघि भएको करार सेवामा पदपूर्ती सम्बन्धी प्रकृया अगाडी बढाउने निर्णय गरियो।